नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
भदौ/असोज २०७९ (September 2022) वर्ष २५/अङ्क २८३

## हाम्रो ख्रीष्टिय जीवनशैली कस्तो छ ?

– एल्डर घन श्याम दाहाल

हामी ख्रीष्टिय जीवन जिउनका लागि परमेश्वरद्वारा बोलाइएर छनौट गरी विशेष कामको लागि अलग गरिएका हौं (रोमी १:१) । हामीले परमेश्वरलाई रोजेका होइनौं, परमेश्वरले हामीलाई रोज्नुभयो र छान्नुभयो अनि नियुक्ति गर्नुभयो (यूहन्ना १५:१६) । यो कुरालाई हामीले राम्रोसँग बुझ्नु आवश्यक हुन्छ । इसाई जीवनको आधार नै परमेश्वरको वचन हो (यहोशू १:८) । हामी परमेश्वरको वचन केन्द्रित हुनु पर्दछ । हाम्रो सम्पूर्ण जीवनको लक्ष्य नै येशू ख्रीष्ट हुनु पर्दछ । हामी परमेश्वरका विशेष जाति, निजी प्रजा र राजकीय पूजाहारीगिरी हौं (१ पत्रुस २:९) । हामीले यो जीवन जिउनका लागि संसारको आत्मा पाएका छैनौं, तर पवित्र आत्मा पाएका छौं (१ कोरिन्थी २:१२) । अब यसो हो भने हाम्रो सम्पूर्ण जीवन पवित्र आत्माको अधीनमा हुनु पर्दछ । पवित्र आत्माको अनुमतिविना हामीले ख्रीष्टिय जीवन जिउन सम्भव हुँदैन (गलाती ५:१६) ।

पहिलो शताब्दिका विश्वासीहरूको जीवनमा पवित्र आत्माको आगमन पछिको जीवन शैली कस्तो थियो भन्ने कुरा प्रेरित ४:३२-३५ र यस खण्डसँग मिल्दो प्रेरित २:४२-४७ बाट हामीले केही कुराहरूलाई हेरौं ।

विश्वास गर्नेहरूको समूह सबै एकै हृदय र एकै आत्माका भएका थिए, र तिनीहरूमध्ये एउटाले पनि आफ्नो धन-सम्पत्तिको केही थोक यो मेरो आफ्नो हो भनी भन्दैन थियो, तर तिनीहरूका सबै थोक साझा थिए । ती प्रेरितहरूले बडो शक्तिसाथ प्रभु येशूका पुनरुत्थानको गवाही दिन्थे, र तिनीहरू सबैमाथि ठूलो अनुग्रह रहेको थियो । तिनीहरूमध्ये कसैलाई केही कुराको खाँचो पर्दैनथ्यो, किनकि जति जना जग्गा जमीन कि घरका मालिक थिए, तिनीहरूले ती बेचेर त्यसको मोल ल्याउँथे, र प्रेरितहरूका चरणमा राखिदिन्थे, र जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो, सो हरेकलाई बाँडिदिन्थे ( प्रेरित ४:३२-३५) ।

प्रेरित २:४२-४७ तिनीहरू प्रेरितहरूका शिक्षा, संगति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे । हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए । विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए । तिनीहरूले आफ्ना सम्पत्ति र माल सामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई बाँडिदिन्थे । तिनीहरू एकैमनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबा शुभेच्छा पाउँदै बस्थे । उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो ।

विशेष गरी यी दुई वटा खण्डलाई हामीले विचार गर्दा, यहाँ पहिलो कुरा ख्रीष्टको संगतिमा तिनीहरू भक्तिसाथ लागिरहे, भन्नुको तात्पर्य ख्रीष्टलाई सम्पूर्ण जीवनले पछ्याए । तिनीहरूले सजिलो बाटो नभएर असजिलो कठिन र साँगुरो बाटोलाई रोजे र जिएको देखिन्छ । यसकारण फराकिलो र सजिलो बाटो हिँड्ने धेरै हुन्छन् भने, साँगुरो र कठिन बाटो हिँड्नेहरू थोरै हुन्छन्  (मत्ती १६:२४-२५) ।

फराकिलो र सजिलो बाटो हिँड्ने धेरै हुन्छन् भने, साँगुरो र कठिन बाटो हिँड्नेहरू थोरै हुन्छन् (मत्ती १६:२४-२५) ।

दोस्रो कुरा तिनीहरू सबैजना ख्रीष्टको वचन केन्द्रित थिए । तिनीहरूको लक्ष्य परमेश्वर केन्द्रित थियो । तिनीहरू परमेश्वरका शिक्षामा निरन्तर लागिरहेको चित्र उनीहरूको व्यवहारले झल्काउँछ जसरी भएपनि परमेश्वरलाई प्रशन्न तुल्याउनु नै देखिन्छ ।

तेश्रो कुरा तिनीहरू परमेश्वर पितासँग, येशू ख्रीष्टसँग, पवित्र आत्मासँग र परमेश्वरका पवित्रजनहरूसँग निरन्तर संगति गरिरहे । त्यसैले तिनीहरूले आफूसँग भएका चिजबिज र वस्तुहरू आवश्यकतामा परेकाहरूलाई ख्रीष्टको प्रेममा राजीखुशीसाथ प्रेरितहरूका चरणमा ल्याए र प्रेरितहरूले जसलाई जे-जे कुराको आवश्यक थियो सोहीअनुसार बाँडिदिन्थे । तिनीहरू सबै एकैमनका थिए । उनीहरू खुशी र उदार दिलले दिन्थे । त्यसैले कोही पनि अभाव र खाँचोमा बस्नु परेन । सबैजना समान थिए । यसरी तिनीहरूले निःस्वार्थ भावले दिएको देखिन्छ । तिनीहरूमा कति पनि स्वार्थ र अहंकार थिएन । तिनीहरूले धन्यवादसाथ दिए र परमेश्वरको

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भदौ २५<br>September 10 | एल्डर<br>रत्नमान महर्जन | श्री<br>सरुष तामाङ्ग | एल्डर<br>दान ब.अधिकारी | डीकन<br>राम ब. तामाङ्ग | श्री<br>वीरध्वज तामाङ्ग | एल्डर<br>ग्रेस खालिङ | सह-पाष्टर<br>रूबेन श्रेष्ठ | श्री<br>श्रीराम सुर्खेती | एल्डर<br>वीर ब. राई | डीकन<br>कुमार नगरकोटी |
| असोज १<br>September 17 | श्री<br>लेखनाथ पौडेल | डीकन<br>राजु तामाङ्ग | एल्डर<br>अर्जुन ढकाल | श्रीमती<br>माया लामा | श्री<br>सुचन तामाङ्ग | श्री<br>जीवन खालिङ | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकनेस्<br>शान्ता मगर | डीकन<br>अनिल चौधरी | एल्डर<br>भुवन देवकोटा |
| असोज ८<br>September 24 | एल्डर<br>सिमोन पाठक | श्रीमती<br>माया श्रेष्ठ | डीकन<br>यूसुफ श्रेष्ठ | एल्डर<br>सिद्धि खालिङ | एल्डर<br>दिनेश न्यौपाने | श्री<br>मिलन प्रधान | सह-पाष्टर<br>रूबेन श्रेष्ठ | डीकन<br>रूद्रा राई | एल्डर<br>आमोस खालिङ | श्री<br>सुदान रूचाल |
| असोज १५<br>October 1 | पाष्टर<br>अशोक मुखिया | श्री<br>सुचन तामाङ्ग | डीकन<br>कुमार गज्मेर | डीकन<br>बाल कृष्ण सिपाईं | डीकनेस्<br>रश्मिला तामाङ्ग | पाष्टर<br>दफ्तन सादा | डीकन<br>सिमोन भण्डारी | एल्डर<br>आनन्द न्यौपाने | एल्डर<br>शरण राई | एल्डर<br>आनन्द न्यौपाने |

महिमा गरे र फलस्वरूप सबै मानिसहरूबाट शुभेच्छा पनि पाए । तिनीहरूमाथि परमेश्वरको ठूलो अनुग्रह थियो ।

चौथो कुरा, उनीहरू सबैजना ख्रीष्टको शक्तिमा जिए (प्रेरित १:८) ।
"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।"

प्रेरित १:८ वचन उनीहरूको जीवनमा पूरा भयो । पेन्तिकोसको दिनमा १२० जना जति पवित्र आत्माले भरिएपछि, प्रभावशाली ख्रीष्टिय जीवन जिए । उनीहरूको सम्पूर्ण जीवनबाट परमेश्वरका आचरण र गुणहरू प्रकट भए । मानिसहरू त्यो देखेर छक्क अनि आश्चर्यचकित सम्म भए । कति धेरै जनाले येशू ख्रीष्टलाई पछ्याए, विश्वास गरे । ख्रीष्टको मण्डलीमा दिनहुँ जसो गुणात्मक र संख्यात्मक वृद्धि हुन थाल्यो । यसरी ख्रीष्टको प्रचार सुसमाचार, साक्षी, गवाही, आफूसँग भएका वस्तुहरू खुशी र आनन्दसाथ दिए । परमेश्वरको सेवा तन, मन र धनले सम्पूर्ण जीवनले गरे । परमेश्वरको कृपालु हात तिनीहरूमाथि सधैँ रहेको थियो ।

आज वर्तमान मण्डलीमा पनि उही पवित्र आत्मा परमेश्वरले काम गरिरहनुभएको छ । के हामीले उहाँलाई काम गर्न दिएका छौं ? उहाँ हामीद्वारा काम गर्न चाहनुहुन्छ । हाम्रो मण्डलीमा पनि पहिलो शताब्दिका मण्डलीमा जस्तै काम हुनका लागि आफैलाई परमेश्वरमा समर्पण गरौं । हामी सबैमा ख्रीष्टियन जीवन जिउनका लागि निरन्तर ख्रीष्टको मनले बास गरोस् ।

## जानकारी



लोलाङ्ग बस्नुहुने नेइम गोंगबूँ चर्चको सदस्य श्रीमती मसिनी बराल ५५ वर्षको उमेरमा साउन १९ गते/अगष्ट ४ तारिख, शनिबार प्रभुमा सुत्नुभयो ।



मुम्बई, भारतमा नेइमको मिशनेरीको रूपमा सेवकाइ गर्दै आउनुभएको पाष्टर जेम्स नेपाली ६० वर्षको उभेरमा भदौ ६ गते/अगष्ट २२ तारिख, सोमबार प्रभुमा सुत्नुभयो ।

### हार्दिक बधाई

२०७९ सालमा एस.ई.ई. परीक्षामा उत्तीर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूलाई नेपाली इसाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

### जानकारी

साउन २८ गते/अगष्ट १३ तारिख, शनिबार नेइम भैंसेपाटी चर्चमा डीकन वीर बहादुर राई र डीकन आमोस खालिङलाई एल्डर अभिषेक गरियो साथै श्री अनिल चौधरीलाई डीकन अभिषेक गरियो ।

भदौ ११ गते/अगष्ट २७ तारिख शनिबार नेइम ज्ञानेश्वर चर्चमा ६६ जनाको समर्पण भयो ।

### मिशनेरीहरूको लागि प्रार्थना

श्रीमती सेल्भी नेपाली र परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | डाँछी | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **भदौ २५**<br>September 10 | श्री<br>लेखनाथ पौडेल | डीकन<br>सुनिल मुनिकार | डीकन<br>मोहन श्रेष्ठ | श्रीमती<br>सावित्री मुनिकार | डीकन<br>कृष्ण तामाङ्ग | श्री<br>रत्न तामाङ्ग | श्री<br>उमेश मगर | श्री<br>अमृत लामा | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>जोरविर राई | डीकन<br>अनिल आले |
| **असोज १**<br>September 17 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | श्री<br>अमृत लामा | श्री<br>कृष्ण श्रेष्ठ | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>बी.एन.पण्डित | एल्डर<br>बेन्जामिन तामाङ्ग | एल्डर<br>जोरविर राई |
| **असोज ८**<br>September 24 | एल्डर<br>पेशल राई | पाहुना<br>वक्ता | श्रीमती<br>सलोमी दों | डीकन<br>राममाया नगरकोटी | एल्डर<br>गोपी राई | श्री<br>कृष्ण श्रेष्ठ | श्री<br>उमेश मगर | श्री<br>अमृत लामा | डीकन<br>प्रशान्त सिंह | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>कुमार सेन्चुरी |
| **असोज १५**<br>October 1 | एल्डर<br>पेशल राई | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | डीकन<br>कृष्ण तामाङ्ग | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | संयुक्त सेवा<br>गाम्चा चर्च | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | पाष्टर<br>बर्णबास श्रेष्ठ |

# हार्दिक बधाई



२०७९ साउन २५ गते/अगष्ट १० तारिख, २०२२ बुधबार नेइम जोरपाटी चर्चको सदस्य श्री विशाल श्रेष्ठ र नेइम सुन्दरीजल चर्चको सदस्य सुश्री संगीता परियारको नेइम जोरपाटी चर्च, डाँछीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती रिजेन्द्र र सिफोरा कपालीलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



२०७९ भदौ १ गते/अगष्ट १७ तारिख, २०२२ बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्य सुश्री सिफोरा गिरी र क्वाइनोनिया पाटन चर्चको सदस्य श्री रिजेन्द्र कपालीको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती रिजेन्द्र र सिफोरा कपालीलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष् प्रार्थना

१. देशको राष्ट्रपति, उप राष्ट्रपति, प्रधानमन्त्री, उप प्रधान मन्त्री, मुख्य मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै सम्पूर्ण पदाधिकारीहरूको निम्ति प्रार्थना गरिदिऔं साथै देशको सामाजिक, आर्थिक, भौतिक क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नतिको लागि प्रार्थना गरिदिऔं ।

२. देशको आर्थिक, सामाजिक, भौतिक साथै अन्य सबै क्षेत्रमा उन्नति, प्रगति, सुधार आएको होस् ।

३. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्माहत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन, बलात्कार आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

४. मण्डलीलाई परमेश्वरको इच्छाअनुसार पवित्र आत्माको सहायतामा शिक्षा दिन, हुर्काउन, डोऱ्याउन, आत्मिकी रूपमा वृद्धि गर्न र व्यवस्थित गर्दै लैजानको लागि नेइमअन्तर्गतका सम्पूर्ण अगुवाहरूको लागि प्रार्थना गरिदिऔं ।

५. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै खीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

६. विभिन्न ठाउँहरूमा डुबान, बाढी र पहिरोको कारण विस्थापित भएका परिवारको पुनर्स्थापनको लागि प्रार्थना गरौं साथै संकष्टमा परेकाहरूको उद्धारको लागि सरकारमा हुनुभएकाहरूले छिटो भन्दा छिटो राहत पुऱ्याउन सकेको होस् ।

७. नेपाल देशमा रहेका मानिसहरूले प्रभु येशू खीष्टलाई साँचो र जीवित परमेश्वर हुनुहुन्छ भनी जान्न सकून् र आफ्नो हृदयमा आफ्नो मुक्तिदाता र प्रभु भनी स्वीकार गर्न सकून् ।

८. प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर जानुभएकाहरू अनुग्रहको समय छँदा नै प्रभुमा फर्केर आउन सकून् ।

९. सारा संसारभरि येशू प्रभुको नाउँको खातिर प्रभुका जनहरूलाई दु:ख, कष्ट, खेदो, निन्दा, सतावट दिनेहरू कुनै न कुनै माध्यमद्वारा प्रभुको राज्यमा आउन सकून् भनी प्रार्थना गरिदिऔं ।

१०. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठचारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| आइतबार<br>Sunday | १९ 4<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | २६ 11<br>नेपाल देशका मानिसहरूले प्रभु येशू खीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२४-२५ | २ 18<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ | ९ 25<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>फिलिप्पी २:१-५ |
| सोमबार<br>Monday | २० 5<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | २७ 12<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ३ 19<br>परमेश्वरका छोराछोरीहरू जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | १० 26<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ |
| मंगलबार<br>Tuesday | २१ 6<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | २८ 13<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ४ 20<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | ११ 27<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| बुधबार<br>Wednesday | २२ 7<br>मानिसहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | २९ 14<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | ५ 21<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १२ 28<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याइएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६-२५ |
| बिहीबार<br>Thursday | २३ 8<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना छोरा छोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ११:१८-१९ | ३० 15<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | ६ 22<br>सबै विश्वासीहरू परमेश्वरको प्रेम, अनुग्रह, दया, कृपाप्रति सधैं धन्यवादी भई परमेश्वरको महिमाको निम्ति जिउन सकून् ।<br>भजनसंग्रह १०३:१-१३ | १३ 29<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून् ।<br>गन्ती ६:२४-२६ |
| शुक्रबार<br>Friday | २४ 9<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४ | ३१ 16<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | ७ 23<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून्।<br>प्रेरित २०:२८-३२ | १४ 30<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| शनिबार<br>Saturday | २५ 10<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ | १ असोज 17<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ | ८ 24<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ | १५ October 1<br>इस्राएल देशका यहूदी जातिहरूको निम्ति प्रार्थना गरिदिऔं<br>आमोस ९:१३-१५ |

**"त्यो दिन परमप्रभुको हाँगा फलदायक र महिमित हुनेछ, र इस्राएलका बाँचेकाहरूका निम्ति जमीनको फल गर्व र गौरवको हुनेछ । सियोनमा छोडिएका र यरूशलेममा बाँकी रहेकाहरू, अर्थात् यरूशलेममा बस्नेहरू भनी दर्ता भएकाहरू पवित्र कहलाइनेछन् । परमप्रभुले सियोनका स्त्रीहरूको मैला धुनुहुनेछ, र उहाँले इन्साफको आत्मा र आगोको आत्माद्वारा यरूशलेमबाट रगतका दाग शुद्ध गर्नुहुनेछ । अनि परमप्रभुले सियोन पर्वतमाथि र त्यहाँ भेला हुनेहरूमासग दिउँसो धूवाँको बादल र राती प्रज्वलित आगोको चमक सृष्टि गर्नुहुनेछ । सबैमाथि महिमा एउटा छत्र हुनेछ । दिनको गर्मीबाट जोगाउने शरण र छाया तथा आँधीबेहरी र वर्षाबाट जोगाउने एउटा आश्रय र लुक्ने ठाउँ त्यो हुनेछ ।**

**यशैया ४: २-६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नंः ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,